जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३३५ • २०८३ असोज ७ गते बुधवार • 23 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# राजर्षि जनक विश्वविद्यालयमा गरिएको तालाबन्दीको विरोध




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ असोज**

छात्रवृत्ति व्यवस्थापन सम्बन्धी विषयमा असहमति जनाउँदै जनकपुरधामस्थित राजर्षि जनक विश्वविद्यालयमा गरिएको तालाबन्दीको विरोध भएको छ ।

छात्रवृत्तिसम्बन्धी कुनै निर्णय वा प्रक्रियामा असहमति भए त्यसको समाधान वार्ता, छानबिन र प्रचलित नियम कानुनअनुसार खोजिनुपर्नेमा विश्वविद्यालयमै तालाबन्दी गरेर शैक्षिक गतिविधि प्रभावित पार्नु उचित नभएको भन्दै विरोध भएको हो । राजर्षि जनक विश्वविद्यालयको विज्ञान, प्रविधि तथा इन्जिनियरिङ संकाय डीनको कार्यालयले जारी गरेको सूचना अनुसार प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीमध्ये सम्बन्धित क्याम्पसमा उपलब्ध छात्रवृत्ति कोटाको खुला तथा समावेशी समूहमा विद्यार्थी छनोटका लागि आवेदन प्रक्रिया अघि बढाइएको थियो । छात्रवृत्तिका लागि विद्यार्थीले आफू पर्ने छात्रवृत्तिको प्रकार तथा आरक्षित वर्ग, समूह वा उपसमूहमध्ये एउटा समूह छनोट गरी सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

आवेदनका क्रममा प्रवेश परीक्षाको प्रवेशपत्र, नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा सम्बन्धित आरक्षित समूह वा वर्गको प्रमाणित कागजात माग गरिएको थियो । विश्वविद्यालयले आवेदन फारम डाउनलोड तथा बुझाउने प्रक्रियासमेत स्पष्ट रूपमा तोकेको थियो । फारम भरेर आवश्यक कागजात स्क्यान गरी तोकिएको इमेलमा पठाउन सकिने वा डीन कार्यालयमा प्रत्यक्ष बुझाउन सकिने व्यवस्था गरिएको थियो ।

यता, विश्वविद्यालय क्याम्पस, जनकपुरधामले राजर्षि जनक विश्वविद्यालयको रजिष्ट्रार कार्यालयबाट प्राप्त निर्देशनअनुसार स्नातक तहअन्तर्गत सञ्चालित BALLB, BBA / BSc. CSIT कार्यक्रमका आरक्षित पूर्ण नि:शुल्कतर्फका विद्यार्थीको भर्ना प्रक्रिया हाललाई 'होल्ड'मा राखिएको जनाएको छ । तर, महत्वपूर्ण कुरा के छ भने विश्वविद्यालय क्याम्पसले अन्य विद्यार्थीको भर्ना प्रक्रिया भने जारी रहेको स्पष्ट पारेको छ ।

अर्थात् छात्रवृत्तिसम्बन्धी प्रक्रियामा देखिएको विषयलाई अलग रूपमा सम्बोधन गर्ने क्रममा विश्वविद्यालयको सम्पूर्ण शैक्षिक प्रक्रिया नै बन्द गरिएको अवस्था नरहेको विश्वविद्यालयको सूचनाबाट देखिन्छ । यस्तो अवस्थामा छात्रवृत्तिसम्बन्धी निर्णय वा व्यवस्थाप्रति असहमति भए त्यसको समाधानका लागि सम्बन्धित निकायमा प्रश्न उठाउने, प्रमाणसहित छानबिनको माग गर्ने तथा आवश्यक परे कानुनी उपचार खोज्ने बाटो खुला हुँदाहुँदै उपकुलपति अनुपस्थित रहेको बेलामा योजनाबद्ध रूपमा तालाबन्दी गरी विश्वविद्यालयको नाम हसाउने गरी समस्या समाधानभन्दा विद्यार्थीलाई नै थप समस्यामा पार्ने काम गरिएको विश्वविद्यालयका अधिकांश विद्यार्थीको भनाइ छ । एक विद्यार्थीले नाम उल्लेख नगर्ने शर्तमा भने, 'विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको पढाइ, भर्ना, परीक्षा, प्रमाणपत्र तथा अन्य प्रशासनिक सेवासँग तालाबन्दीको प्रत्यक्ष सम्बन्ध हुन्छ । एउटा विषयमा उत्पन्न विवादका कारण विश्वविद्यालयका नियमित सेवा अवरुद्ध हुँदा विवादमा प्रत्यक्ष संलग्न नभएका विद्यार्थीसमेत त्यसको मारमा पर्न सक्छन् ।

# व्यवसायीको गोदामको ताला फुटाएर सञ्चालकको अनुपस्थितिमा सम्पूर्ण सामग्री जफत

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ६ असोज**



धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ मा पर्ने महेन्द्रनगरमा एक व्यवसायीको गोदामको ताला फुटाएर सञ्चालकको अनुपस्थितिमा सम्पूर्ण सामग्री जफत गरिएको घटनाप्रति स्थानीय व्यवसायी तथा जनप्रतिनिधिले तीव्र विरोध जनाएका छन् । महेन्द्रनगरका व्यवसायी शिवशंकर साहले सञ्चालन गर्दै आएको शिवपार्वती ट्रेडर्सको गोदाममा आइतबार दिउँसो सशस्त्र प्रहरीको अगुवाइमा भन्सार कार्यालयका प्रतिनिधिसहितको टोलीले छापा मारेको थियो । व्यवसायी साहका अनुसार आफू र परिवारका सदस्य घरमा नभएको समयमा टोलीले गोदामको ताला फुटाएर भित्र रहेका सम्पूर्ण सामग्री नियन्त्रणमा लिई लगेको छ । व्यवसायी साहले आफ्नो गोदाममा रहेका सामग्री भन्सार छली वा अवैध रूपमा ल्याइएका नभएको दाबी गरेका छन् ।

उनका अनुसार गोदाममा रहेका अधिकांश सामग्री नेपालमै उत्पादित हुन् भने केही सामग्री चीनबाट वैधानिक रूपमा आयात गरिएका छन् । ती सामग्रीको खरिद-बिक्रीसम्बन्धी बिल-बिजक तथा भन्सार महसुल तिरेका कागजात आफूहरूसँग सुरक्षित रहेको उनले बताए । 'गोदाममा रहेका अधिकांश सामान नेपालमै उत्पादित हुन् । केही सामान चीनबाट आयात गरिएका छन् ।




**चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबिच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रुपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

**चाडपर्वको खुसी बाँडौं, सामाजिक सदभाव र राष्ट्रिय एकता बलियो बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# प्रम बालेनको यात्रा सफल होस्

प्रधानमन्त्री बालेन्द्र शाह मंगलबार अमेरिकाको लागि प्रस्थान गर्नु भएको छ । यो निश्चित रुपमा प्रधानमन्त्रीको अहिले सम्मको पहिलो भ्रमण रहेको छ । बिगतका विभिन्न कालखण्डमा फरक फरक प्रधानमन्त्रीहरु भए र प्रायः सबैको पहिलो भ्रमण छिमेकी राष्ट्र भारतको हुने गर्थ्यो जुन प्रम बालेनले यस पटक फरक सन्देश दिएको छ । प्रम बालेन्द्रले नेपाली जनताको आकाँक्षा तथा आवश्यकतालाई उच्च कदर गर्ने विश्वास गरिएको छ । प्रधानमन्त्रीको सम्बोधन खास गरेर जलवायु परिवर्तनले रसुवागढी सहित विभिन्न क्षेत्रमा आएको बाढी र यसबाट नेपाल जस्तो अल्पविकसित देशमा पर्न गएको क्षतिको पूर्ति गर्न समपन्न राष्ट्रहरुले अनिवार्य रुपमा ध्यान दिनुपर्ने र सो क्षतिपूर्ति तत्काल दिनको लागि प्रस्ताव सहित उपस्थित हुने बुझिएको छ । सँयुक्त राष्ट्र संघको ८१ औं महासभामा विश्वका विभिन्न राष्ट्रका प्रतिनिधिहरुका उपस्थितिको वीचमा असोज ८ गते सम्बोधन गर्नु हुने छ । यो सम्बोधनले शायद बाढी पिडीत नेपालीहरुले आफ्नो देश बाहिरको हक पाउने छन् । हाम्रो सरल तथा उच्च विचार भएको प्रधानमन्त्री शाहको भ्रमण र सम्बोधनले उच्च सफलता पाओस् भन्ने माता जानकीसँग प्रार्थना गर्दछौं ।

# भेनियर उद्योगमा छापा हानेर ठुलो परिमाणमा अवैध काठ बरामद

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ६ असोज**

डिभिजन वन कार्यालय धनुषाले मिथिला नगरपालिका-२ स्थित एक भेनियर उद्योगमा छापा हानेर ठुलो परिमाणमा अवैध काठ बरामद गरेको छ ।

वन कार्यालयले सोमबार साँझ विश्वकर्मा चोक नजिकै रहेको कमला भेनियर उद्योगमा छापा हानेर ६७५ क्युफिट सिमल जातको काठ बरामद गरेको हो । डिभिजन वन कार्यालय धनुषाका डिभिजनल वन अधिकृत विनोद सिंहका अनुसार उद्योग



परिसरबाट ७८ थान सिमल जातको काठ बरामद गरिएको हो । बरामद काठको स्रोत तथा आयातसम्बन्धी आवश्यक कागजात उद्योग सञ्चालकले तत्काल देखाउन नसकेपछि काठ नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो । सिंहका अनुसार विशेष सूचनाका आधारमा सब-डिभिजन वन कार्यालय पुष्पवलपुर र डिभिजन वन कार्यालय धनुषाबाट खटिएको संयुक्त टोलीले उद्योगमा छापा मारेको थियो । छानबिनका क्रममा उद्योग परिसरमा ठुलो परिमाणमा सिमलको काठ भण्डारण गरी राखिएको अवस्थामा फेला परेको उहाँले जानकारी दिनुभयो ।

बरामद काठको वैध स्रोत खुल्ने कागजात तथा अनुमति भए-नभएको विषयमा थप अनुसन्धान भइरहेको छ । काठ कहाँबाट ल्याइएको हो, कसले आपूर्ति गरेको हो र उद्योगमा भण्डारणका लागि आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको थियो कि थिएन भन्ने विषयमा समेत अनुसन्धान भइरहेको डिभिजनल वन अधिकृत सिंहले बताउनुभयो ।

# श्री बस्तीपुर माध्यमिक विद्यालयको पुरानो साख फर्किने आशा स्थानीयवासीमा जागे

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ६ असोज**

लहान नगरपालिका-१४ मा रहेको २००४ सालमा स्थापित श्री बस्तीपुर माध्यमिक विद्यालयको पुरानो साख फर्किने आशा स्थानीयवासीमा जागेको छ । शिक्षा मन्त्री सस्मित पोखरेलले विद्यालयमा पुगेर स्थलगत निरीक्षण गरेपछि विद्यालयको अवस्थामा सुधार आउने आशा जागेको हो । तीन दशकअघि तीन हजारभन्दा बढी विद्यार्थी भर्ना हुने यस विद्यालयमा नौवटा छात्रावासमा पाँच सयभन्दा बढी विद्यार्थी बस्ने गरेका थिए । अहिले भने विद्यार्थी सङ्ख्या ८०२ मा सीमित भएको छ ।

२०१५ र २०३७ सालको एसएलसी परीक्षामा क्रमशः सुरेन्द्ररञ्जन बराल र राजेश अधिकारीले तेस्रो स्थान हासिल गरेका तथा तीन दशकअघिसम्म ४० भन्दा बढी विद्यार्थीले एसएलसीमा प्रथम श्रेणी ल्याएर पूर्वाञ्चलमै उत्कृष्ट नतिजा हासिल गरेको यस विद्यालयको अवस्था पछिल्लो तीन दशकयता खस्कँदै गएको लहान-१४ का वडाध्यक्ष धनिकलाल यादवले बताउनुभयो । उहाँका अनुसार सहरी क्षेत्रबाट संस्थागत विद्यालयहरूले बसमार्फत विद्यार्थी ओसार्नु र अंग्रेजी शिक्षाप्रतिको मोह



बढ्नुले विद्यालयमा विद्यार्थी सङ्ख्या ह्वात्तै घटेको हो । भदौ २७ गते सिरहा-१ का सांसद बब्लु गुप्ताको विशेष पहलमा शिक्षा मन्त्री सस्मित पोखरेल विद्यालयको निरीक्षण भ्रमणमा पुग्नुभएको थियो । जस्तापातामुक्त र प्रविधियुक्त विद्यालय बनाउने उद्देश्यसहित मन्त्री विद्यालयमा पुगेपछि स्थानीयवासीमा विद्यालयको साख फर्किने आशा पलाएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुण यादवले बताउनुभयो । उहाँका अनुसार लहान नगरपालिकाले विद्यालयको साख फर्काउन अंग्रेजी माध्यममा पठनपाठन सुरु गरेपछि केही सुधार भएको छ । तर, ८० वर्ष पुरानो विद्यालय भवन विस्थापित गरी नयाँ तथा सुविधासम्पन्न भवन निर्माण गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । "शिक्षा मन्त्री स्वयं विद्यालयमा आएर आवश्यक सहयोग गर्ने विश्वास दिलाएपछि हामी निकै खुसी भएका छौं," उहाँले भन्नुभयो ।


## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः खानपानमा समस्या आउने
मिथूनः लामो यात्राको योग छ
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः पिछडेको साथी मिल्ने
कन्याः पढाईमा ध्यान दिनुपर्ने
तुलाः अनावश्यक खर्चको संभावना
वृश्चिकः मनमा पछुतो आउने
धनुः शुभ कार्यको शुरुवात
मकरः अनावश्यक चिन्ता
कूम्भः अशुभ समाचार प्राप्त हुने
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# यमन सङ्कट चर्किंदा साउदीको साथमा बेलायत, हवाई इन्धन सहयोग गर्ने




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ असोज**

यमनका हुथी विद्रोहीबाट साउदी अरबमाथि भइरहेको आक्रमणको सामना गर्न बेलायतले साउदीलाई सीमित सैन्य सहयोग उपलब्ध गराउने भएको छ ।

बेलायती प्रधानमन्त्री एन्डी बर्नहमले सोमबार संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन न्युयोर्कतर्फ जाने क्रममा विमानभित्र पत्रकारहरूसँग कुरा गर्दै बेलायती शाही वायुसेनाले साउदीका लडाकु विमानलाई हावामै इन्धन भर्ने (एयर-टु-एयर रिफ्युलिङ) सुविधा उपलब्ध गराउने सहमति भएको जानकारी दिए ।

बर्नहमका अनुसार यो सैन्य सहयोग केही साताका लागि मात्र हुने छ । यद्यपि, परिस्थितिको समीक्षा गर्दै सहयोगको अवधि आवश्यकताअनुसार पुनर्विचार गर्न सकिने उनले बताए । हुथी र साउदी समर्थित यमनी सरकारबीच द्वन्द्व पुनः चर्कियो- यमनमा हुथी विद्रोही र साउदी अरबको समर्थन रहेको यमनी सरकारबीचको द्वन्द्व पुनः चर्किएको छ । पछिल्लो समय हुथीहरूले साउदी अरबमाथि क्षेप्यास्त्र तथा ड्रोन आक्रमण तीव्र बनाएका छन् । शनिबार हुथीहरूले साउदी राजधानी रियादलाई लक्षित गरेर क्षेप्यास्त्र प्रहार गरेका थिए। उक्त क्षेप्यास्त्रलाई बाटोमै रोकिएको जनाइएको छ ।

हुथीहरूले साउदी अरबमाथि आक्रमण मात्र नभई बाब अल-मन्देब जलडमरूमध्य र लाल सागर हुँदै हुने साउदी समुद्री ढुवानीमा नाकाबन्दी घोषणा गरेका छन् । त्यस क्रममा साउदीसँग सम्बन्धित पानीजहाज तथा देशभित्रका तेलसम्बन्धी पूर्वाधारलाई समेत लक्षित गरी आक्रमण गरिएको समाचारमा उल्लेख छ । विश्वकै प्रमुख तेल निर्यातक साउदीमाथि दबाबः साउदी अरब विश्वकै प्रमुख तेल निर्यातक मुलुकमध्ये एक हो । त्यसैले साउदीका तेल पूर्वाधार र समुद्री ढुवानीमा हुने आक्रमणले क्षेत्रीय सुरक्षाका साथै ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारमा समेत असर पार्न सक्ने चिन्ता बढाएको छ ।

बेलायतले साउदीलाई उपलब्ध गराउने भनिएको सहयोग प्रत्यक्ष हवाई आक्रमणमा सहभागी हुनेभन्दा पनि साउदीका विमानलाई लामो समयसम्म हवाई कारबाही सञ्चालन गर्न आवश्यक पर्ने हवाई इन्धन भर्ने क्षमतामा केन्द्रित हुने देखिएको छ ।

# रजनीकान्तको 'जेलर २'मा विद्या बालनको यस्तो भूमिका

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ असोज**



दक्षिण भारतीय सुपरस्टार रजनीकान्तको बहुप्रतीक्षित फिल्म 'जेलर २'को कलाकार सूचीमा बलिउड अभिनेत्री विद्या बालन थपिएकी छन् । निर्माण टिमले फिल्ममा रहेको विद्याको भूमिकाको पहिलो झलक भिडियोमार्फत सार्वजनिक गर्दै उनको अभिनय रहेको जानकारी दिएको हो ।

निर्माण युनिटले फिल्मका मुख्य कलाकारहरूको नाम क्रमशः सार्वजनिक गर्ने क्रममा विद्यालाई 'कांथा'को रूपमा चिनाएको हो । सार्वजनिक भिडियोमा विद्या नीलो साडी र कालो ब्लाउजमा देखिएकी छन् । हातमा चुरोट च्यापेर सिँढीबाट ओर्लिंदै कोठामा प्रवेश गरेको दृश्यमा उनको हाउभाउ निकै गम्भीर र प्रभावशाली देखिन्छ । भिडियोले 'कांथा'को भूमिका कुनै कमजोर वा सामान्य नभएर निकै शक्तिशाली र आक्रामक रहेको स्पष्ट संकेत गर्छ । निर्माण पक्षले उनको चरित्रबारे विस्तृत जानकारी नदिए पनि भारतीय सञ्चारमाध्यमहरूका अनुसार विद्याले फिल्ममा अभिनेता मिथुन चक्रवर्तीको जेठी छोरीको भूमिका निर्वाह गर्नेछिन् ।

यस सिक्वेलमा मिथुन मुख्य खलनायक (भिलेन)को भूमिकामा रहने र रजनीकान्तसँग उनको टकराव देखाइने बताइएको छ । 'जेलर २'मा पहिलो भागका कलाकारहरू रम्या कृष्णन, योगी बाबु, मिर्ना र ऋत्विक यथावत् रहनेछन् । यसबाहेक सिक्वेलमा विद्या बालन, मिथुन चक्रवर्ती, एसजे सूर्या, सुरज वेन्जारामुडु, अन्ना राजन र जतिन सरनाजस्ता सशक्त कलाकारहरू थपिएका छन् । मोहनलाल, शिव राजकुमार, ज्याकी श्राफ, विजय सेतुपति र ऋतिक रोशनको समेत केमियो (अतिथि) भूमिका रहने चर्चा छ ।

# भरतपुर आँखा अस्पतालको सेवा हरिपुर्वाबाट पनि सुरु

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ६ असोज**

नेपाल नेत्र ज्योति सङ्घ अन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पतालको सेवा यहाँस्थित हरिपुर्वाबाट पनि सुरुआत भएको छ । हरिपुर्वा नगरपालिका-२, स्थित नगर अस्पताल भवनबाट हीरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थानसँगको समन्वयमा भरतपुर आँखा अस्पतालको सेवा यहाँ विस्तार गरिएको हो । सेवा विस्तारसँगै आँखा उपचारसम्बन्धी विशेषज्ञ सेवा अब हरिपुर्वामै उपलब्ध हुने भएको छ ।

भरतपुर आँखा अस्पतालले प्रदान गर्ने विशेषज्ञ सेवा गाउँमा नै पाएपछि स्थानीय उत्साहित बनेका छन् । उपचार केन्द्रमा सेवा लिन आएकी हरिपुर्वा-३, कि रुपनी देवीले गाउँमै सेवा पाएको जनाउँदै खुसी व्यक्त गरिन् । आँखा उपचारको लागि टाढा धाउनुपर्दा धेरै खर्च भएको उनको अनुभव ताजै छ ।

"दुई महिना पहिला खेतमा काम गर्दा आँखामा धानको पातले घोचेको थियो", उनले सुनाइन्, "उपचार गर्न जनकपुर, भरतपुर धेरै धाउनुपर्यो । दुःख धेरै पाइयो, खर्च उस्तै भयो । अहिले सबै सुविधा गाउँमै आयो ।"


## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**बर्दिबास नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**औरही नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# नयाँ मेयर हेतु जनकपुरधामक लेल ठोस स्थानीय मुद्दा:



**-मुरली मनोहर मिश्र**

१. "फोहर कहाँ जाएत ?" सफाइकर्मी नैइ, पूर्ण फोहर व्यवस्थापन प्रणाली: उम्मेदवारसँ पूछल जाए जे : क) प्रत्येक वडामे घर-घर फोहर संकलनक व्यवस्था केना होएत ? ख) जैविक आ अजैविक फोहर अलग करबाक व्यवस्था कखन ? ग) प्रशोधन/कम्पोस्ट/रिसाइक्लिङ्ग कहाँ होएत ?
घ) स्थायी ल्याण्डफिल साइटक समस्या कोना समाधान होएत ?
ङ) फोहर उठेबाक रुट आ समय सार्वजनिक करब कि नैइ ?

मुद्दा: केवल सडक बहारब नैइ–"फोहर उत्पादनसँ अन्तिम व्यवस्थापन धरि पूरा प्रणाली।" फोहर व्यवस्थापनक पुरान प्रतिबद्धता पूरा नैइ भेलाक आरोप स्थानीय रिपोर्टमे उठल अछि। ( श्रोत : Gorkhapatra Online) २. "बरखा पड़ल कि जनकपुर डुबैत किएक अछी ?"–ढल आ जलनिकासक फोरेन्सिक अडिट, एहि मुद्दाकेँ अत्यन्त ठोस बनाउ : क) १३ किमी सडक आ ३२ किमी ढल/नाला परियोजनाक वर्तमान अवस्था की अछी ? ख) कोन-कोन स्थानमे जलजमाव दोहराइत अछि ? ग) ढल पाइपक कयिउभ, अबउबअष्तथ आ दयिअप( बनभक प्राविधिक परीक्षण भेल कि नैइ ? घ) दोषपूर्ण संरचनाक मर्मत/पुनर्निर्माणक जिम्मेवारी केकर ? ङ) आगामी वर्षासँ पहिने कोन-कोन जयतकउयत ठीक होयत ?

हालक रिपोर्टमे सामान्य वर्षामे सेहो विभिन्न वडा तथा सरकारी कार्यालय क्षेत्रमे जलजमाव आ पूर्वनिर्मित ढल प्रणालीक गुणस्तर सम्बन्धी प्रश्न उठल अछि।
( श्रोत : Janakpur Today)
३. "पोखरि बचत कि सौन्दर्यीकरणक नामपर हराएत ?" जनकपुरधामक पोखरि केवल सौन्दर्यक वस्तु नैइ अछी, जलसञ्चय, धार्मिक परम्परा, पर्यावरण आ नगरक पहिचान अछि। उम्मेदवारसँ ठोस प्रतिबद्धता: क) सभ पोखरिक डिजिटल अभिलेख/नक्सा, ख) वास्तविक क्षेत्रफल निर्धारण, ग) अतिक्रमणको सार्वजनिक सूची, घ) पोखरिक चारुतरफ सार्वजनिक सीमा निर्धारण, ङ) पानी के स्रोत और निकास संरक्षण, च) कङ्क्रिट/टायल्स लगौला स संरक्षण भेल जेहन प्रवृत्ति के समीक्षा,

हाल अतिक्रमित पोखरीक डिल खाली करबाक अभियान सुरु भऽ चुकल अछि, आ पहिल चरणमे ५० पोखरीकेँ अतिक्रमणमुक्त करबाक योजना बताओल गेल अछि। ( Online Khabar) ४. गुठी जग्गा–"केकर सम्पत्ति, केकर संरक्षण ?" यी जनकपुरधामक अत्यन्त संवेदनशील स्थानीय मुद्दा बनबाक चाही। ८ प्रश्न: क) गुठी सम्पत्तिक वडा-वडावार अभिलेख सार्वजनिक होयत ? ख) अतिक्रमित भूमि कतय-कतेक अछि ? ग) नगरपालिकाक भूमिका की, गुठी संस्थानक भूमिका की ? घ) सार्वजनिक प्रयोजन लेल उपयोग भऽ रहल गुठी जग्गाक स्थिति की ? ङ) अतिक्रमण हटेबाक स्पष्ट कानूनी रोडम्याप की ? हाल अतिक्रमित गुठी जग्गा आ पोखरी संरक्षण लेल अभियान चलि रहल तथ्य द्वारा यी मुद्दा चुनावी बहसक केन्द्रमे राखबाक आधार दैत अछी। (Online Khabar) ५. जानकी मन्दिरकेँ केन्द्रमे राखि 'पूरा धार्मिक शहर'क योजना: केवल जानकी मन्दिर अगाडिक सौन्दर्यीकरण नैइ। ठोस प्रश्न: क) मन्दिरसँ विवाहमण्डप, राममन्दिर, अग्निकुण्ड, गंगासागर, धनुषसागर, परिक्रमा क्षेत्र धरि एकीकृत योजना की ? ख) तीर्थयात्री लेल सार्वजनिक शौचालय, पिउन योग्य पानी, विश्रामस्थल, सूचना केन्द्र कतय ? ग) भीड़ व्यवस्थापन आ पैदल क्षेत्रक योजना ? घ) धार्मिक पर्यटनसँ स्थानीय होटल, मिथिला कला, हस्तकला आ व्यापारकेँ प्रत्यक्ष लाभ कोना ? ६. "परिक्रमा पथ"केँ धार्मिक-पर्यटन मार्ग बनायब:

परिक्रमा केवल धार्मिक अनुष्ठान नैइ; यी जनकपुरधामक सांस्कृतिक पर्यटनक प्राकृतिक आधार अछि। उम्मेदवारसँ पूछू जे : क) सम्पूर्ण परिक्रमा मार्गक अवस्थाक सर्वेक्षण भेल अछि ? ख) सडक, बत्ती, पानी, शौचालय, विश्रामस्थल, सुरक्षा आ सरसफाइक योजना की ? ग) वर्षभरि पर्यटक आकर्षित करबाक योजना की ? ७. सडक चौड़ा भेल–मुदा पैदल यात्री कतय जायत ? जनकपुरधामक शहरी विकासकेँ केवल सडक चौड़ीकरणसँ नैइ नापल जाए। ठोस मुद्दा: क) फुटपाथ अतिक्रमण, ख) व्यवस्थित पार्किङ, ग) ठेला/व्यवसाय लेल नियमनयुक्त क्षेत्र, घ) अपाङ्गता-मैत्री पैदलमार्ग, ङ) विद्यालय/अस्पताल क्षेत्रमे traffic calming, च) धार्मिक क्षेत्र मे peak–time traffic plan। ८. "नाला बनल कि नाला चलैत सेहो अछि ?" ठेक्का गुणस्तरक सार्वजनिक परीक्षण: आब मेयर उम्मेदवारसँ केवल नयाँ योजना नैइ पूछू। पूछू जे : क) "पहिल परियोजनामे खराब काम भेटल तऽ जिम्मेवार कोना तय करब ?" ख) प्रत्येक बडका पूर्वाधार परियोजनाक: लागत रु ठेकेदार रु प्राविधिक परीक्षण रु गुणस्तर रु मर्मत दायित्व रु भुक्तानी सार्वजनिक करबाक माग होय। ९. जनकपुरक बजार–व्यवसाय आ नगर व्यवस्थापनबीच सन्तुलन : मुख्य बजार क्षेत्रमे:
* पार्किङ,
* फुटपाथ,
* लोडिङ/अनलोडिङ,
* ठेला,
* पसल अगाडिक सार्वजनिक स्थान,
* साप्ताहिक/विशेष बजार व्यवस्थापन

लेल स्पष्ट शयलष्लन चाही। १०. युवा लेल "रोजगार मेला" नैइ–स्थायी स्थानीय अर्थतन्त्र : उम्मेदवारसँ पूछू जे : क) नगरपालिका द्वारा कतेक युवाकेँ सीपसँ जोड़त ? ख) मिथिला कला, पर्यटन, जयकउष्तबष्तिथ, मष्नष्तर्बा कभचखष्अभ, ायम उचयअभकक( ष्लन, स्थानीय उत्पादनमे केहन कार्यक्रम अछी ? ग) नगरपालिकाक खरिदमे स्थानीय उत्पादनकेँ अवसर देबाक नीति अछि कि नैइ ?
११. नगरपालिकाक विद्यालय–भवनसँ परिणाम धरि : प्रश्न:
क) विद्यार्थी उपस्थिति ? ख) शिक्षक उपस्थिति ? ग) कक्षा-अनुसार सिकाइक उपलब्धि ? घ) डिजिटल शिक्षा ? ङ) छात्रा लेल सुरक्षित शौचालय ? च) विद्यालयमे खानेपानी ? च) गरीब परिवारक बालबालिकाक पहुँच ? १२. स्वास्थ्य–औषधि वितरणसँ प्राथमिक स्वास्थ्य प्रणाली धरि: नगरक स्वास्थ्य चौकीक : क) चिकित्सक/स्वास्थ्यकर्मी उपलब्धता,
ख) औषधि, ग) मातृ-शिशु स्वास्थ्य, घ) ज्येष्ठ नागरिक सेवा, ङ) आकस्मिक रेफरल क स्थिति सार्वजनिक होय। १३. नगरक बजेट–"कतेक पैसा ?" सँ अधिक "कहाँ खर्च भेल ?" आ.व. २०८३/०८४ क बजेट तथा नीति-कार्यक्रम नगरपालिकाक वेबसाइटपर उपलब्ध अछि। आगामी चुनावी बहसक एकटा मुख्य आधार बजेटमे घोषणा कएल कार्यक्रम कि वास्तविक प्रगति बनबाक चाही। प्रत्येक उम्मेदवारसँ पूछू जे : "अहाँ वर्तमान बजेटमे सँ कोन कार्यक्रम जारी रखब, कोन बदलि देब, आ कुन बन्द करब–आ किएक ?" १४. कर तऽ लैत छी–सेवा कतेक दैत छी ? नगरवासीसँ कर संकलनक संग :
क) online tax service,
ख) business registration,
ग) नक्शा पास,
घ) सिफारिस,
ङ) जन्म/मृत्यु दर्ता जेकाँ सेवाक समयसीमा तय करबाक प्रश्न उठय। १५. वडा कार्यालयकेँ वास्तवमे अधिकार सम्पन्न करब : मेयर केन्द्रित नगरपालिका नैइ, प्रत्येक वडामे : क) वडा बजेट, ख) सार्वजनिक सुनुवाइ, ग) प्राथमिकता सूची, घ) योजनाक प्रगति, ङ) नागरिक गुनासो सार्वजनिक करबाक प्रणाली चाही।१६. चुनावी प्रश्नकेँ और धारदार बनाबय लेल सभ सम्भावित मेयर उम्मेदवारसँ यी १५ प्रश्न अनिवार्य पूछल जा सकैत अछि: १६- १. जनकपुरक फोहर कहाँ, कोना आ कखन व्यवस्थापन करब ?

१६-२. बरखामे जलमग्न होयवाला जयतकउयत सभक स्थायी समाधान कखन ? १६-३. १३ किमी सडक/३२ किमी ढल परियोजनाक गुणस्तरक, स्वतन्त्र प्राविधिक अडिट कराएब कि नैइ ? १६-४. ५० अतिक्रमित पोखरीक संरक्षणाक स्पष्ट समयसीमा की ? १६-५. गुठी जग्गाक सार्वजनिक अभिलेख कखन ? १६-६. जानकी मन्दिर केन्द्रित धार्मिक शहरक एकीकृत योजना की ? १६-७. परिक्रमा मार्गकेँ वर्षभैर पर्यटन मार्ग कोना बनायब ? १६-८. फुटपाथ-पार्किङ-ठेला व्यवस्थापनक स्पष्ट शयलष्लन की ? १६-९. नगरक ठेक्का और परियोजनाक गुणस्तरक सार्वजनिक- audit कराएब कि नैइ ? १६-१०. पाँच वर्षमे युवाक लेल कतेक प्रत्यक्ष रोजगार/उद्यम अवसर सृजना करबाक लक्ष्य अछि ? १६-११. सामुदायिक विद्यालयक शैक्षिक परिणाम सुधारक मापनयोग्य लक्ष्य की ? १६-१२. स्वास्थ्य चौकी सभमे न्यूनतम सेवा सुनिश्चित कोना ? १६-१३. नगर बजेटक प्रत्येक बडका परियोजनाक प्रगति online सार्वजनिक करब कि नैइ ? १६-१४. नगरपालिकाक सेवा लेल नागरिककेँ कतेक दिनसँ बेसी प्रतीक्षा नैइ कर पड़त–समयसीमा की ? १६-१५. पाँच वर्षक अन्तमे नागरिककेँ अहाँक कोन पाँच परिणाम देखेबाक चाही ? आ सभसँ महत्वपूर्ण अन्तिम प्रश्न–"मेयर नैइ बनलहुँ तऽ सेहो एहि १५ मुद्दामे सँ कोन तीन मुद्दापर काम जारी रखब ?" याह प्रश्न स "कुर्सी भेटत तखन कऽ देखाएब" वाला राजनीति के चुनौती दैत अछि। किएक तँ जनकपुरधामक वास्तविक आवश्यकता नयाँ नारा नैइ, पुरान समस्याक मापनयोग्य समाधान अछि।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्बन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं।

**अनुरोधकर्ता**
**जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्बन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं।

**अनुरोधकर्ता**
**बटेश्वर गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday